नि. ५र्नि-कार्या ज/स्व/१/अ/०/१

कृपया प्रत्योत्तर दिंदा प्राप्त प. सं. र च. नं. र मिति उल्लेख गरी पठाउनु होला ।

# नेपालगंज उप-महानगरपालिका कार्यालय

(राजस्व शाखा)
नेपालगञ्ज, बाँके

फ्याक्स : ०८१-५२०३१६
: ०८१-५२०१५१
☎ : ०८१-५२०३३८
: ०८१-५२२०१६

प.सं. ०७१/०७२

च.नं. ५५१९

मिति:-२०७१।१०।२५

*विषय:- सूचना - सूचना - सूचना ।*

यस नेपालगंज उप-महानगरपालिका बाट असुल गरी आएको विज्ञापन कर तपसिलका दर रेटमा संकलन गर्न निम्न शर्तहरुको अधिनमा रहने गरी आ.व.०७१।०७२ र २०७२।२०७३ दुई वर्षका लागि ठेक्कामा दिनु पर्ने भएकोले आन्तरिक राजस्व कार्यालयमा दर्ता भएका ठेक्का लिन चाहने ईच्छुक व्यक्ती तथा फर्महरुका लागि यो ७ दिने सुचना प्रकाशित गरिएको । विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सर्म्पक राख्न सक्नु हुनेछ ।

**तसिल**

१) टेण्डर फारम प्राप्त गर्नका लागि निवेदन साथ आन्तिरिक राजस्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी र नागरिकता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी रु.५००।-(पाँच सय) फिर्ता नहुने गरि तिरी कार्यालय बाट प्राप्त गर्न सकिने छ ।

२) ठेक्काको सम्झौता अवधि २०७१।०७२ को बाँकी अवघि र २०७२।०७३ (२०७२ श्रावण देखि २०७३ आषाढ मसान्त सम्म) हुनेछ ।

३) विज्ञापन कर वापत निम्न अनुसार कर असुल गर्न पाईने छ ।

क) होडिङ्ग वोर्ड, विद्युतीय वोर्ड, वालपेन्टलाई प्रति वर्ग फुट रु.५०।-

ख) डिसप्ले डि.पी.एस. वोर्डलाई प्रति वर्ग फुट रु.२५।-

ग) व्यवसायिक दृष्टिले  गाडी बाट माईकिग गर्दा प्रतिदिन रु.२००।-

घ) व्यवसायिक दृष्टिले  रिक्शा, टाँगा र टेम्पो बाट प्रतिदिन रु.५०।-

ङ) तुल, वैनर पोस्टर प्रति गोटा प्रतिदिन रु.५।-

च) मादक पदार्थ एवं धुम्रपानको विज्ञापनमा थप २५% ।

छ) उपरोक्त रकममा कुनै किसिमको कर दस्तुर थप गरी लिन पाईने छैन ।

ज) आफ्नो पसल अगाडी पसल वा फर्मको साईन  वोर्ड तथा वालपेन्ट राखेको बाट कार्यालय स्वयंले उठाउने हुँदा उठाउन पाईने छैन ।

४) विज्ञापनकर असुल गर्ने विषयमा विवाद पर्न आएमा उप-महा.न.पा.को निर्णय अन्तिम हुनेछ ।

विष्णु प्रसाद भुसाल
कार्यकारी अधिकृत
(उप-सचिव)

कृपया प्रत्योत्तर दिंदा प्राप्त प. सं. र च. नं. र मिति उल्लेख गरी पठाउनु होला ।

# नेपालगंज उप-महानगरपालिका कार्यालय

(.....२७७१७..... शाखा)
नेपालगञ्ज, बाँके

फ्याक्स : ०८१-५२०३१६
: ०८१-५२०१५१
: ०८१-५२०३३८
: ०८१-५२२०१६

५) उप-महा न.पा.ले समय-समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

६) असुल गर्ने भरपाई रसीद उ.म.न.पा.का.बाट प्रमाणित गराई करदातालाई दिनु पर्नेछ ।

७) नेपाल सरकार, वैदेशिक, कुटनैतिक नियोगका एजेन्सी तथा लाभको उद्देश्य नराखी संचालन हुने संघ संस्था . सिनेमा हल बाट कर लिन पाईने छैन ।

८) समय-समयमा न उप-महा न.पा.वोर्डले छुट दिने भनी निर्णय भएका संघ संस्थाबाट कर लिन पाईने छैन ।

९) प्रचलित कानूनले निषेध गरेका विज्ञापन बाट कर लिन पाईने छैन ।

१०) आ.व.०७१।०७२ को बाँकी अवधि र ०७२।०७३ प्रत्येक आ.व.का लागि न्यूनतम ठेक अंक १४०००००।- (चौध लाख) कायम गरिएको छ ।

११) ठेक्का रकम ३ किस्तामा बुझाउनु पर्नेछ ।

१२) एक किस्ता धनजमानी राख्नु पर्नेछ । अचल सम्पत्तिको धितो मान्य हुने छैन ।

१३) उपरोक्त बमोजिमको विज्ञापन कर नबुझाउने विज्ञापनवालाको साइनवोर्ड, होडिङ्ग वोर्ड तथा आयलपेन्ट ठे.ले हटाउन, स्वरुप मेटाउन सक्ने छ तर सो कार्य गर्नु भन्दा अगावै निम्न प्रकृया पुर्‍याएको हुनु पर्नेछ ।

क) सम्बन्धित करदातालाई दुई पटक कम्तीमा ३ तिन दिनको लिखित सुचना दिनु पर्ने ।

ख) तेश्रो पटक पुन: ७ दिनको समय दिई न.पा.का. समेत लाई जानकारी दिएको हुनु पर्नेछ ।

१४) किस्ता रकम ३ किस्तामा कार्यआदेशमा तोकिएको मिति-मितिमा बुझाउनु पर्नेछ । तोकिएको मितिमा नबुझाएमा प्रतिदिन रु.५००।- का दर्ले एक महिना सम्म जरिवाना लिने र एक महिना सम्म पनि जरिवाना सहित किस्ता रकम नबुझाएमा धरौटी जफत गरी धनजमानी बाट असुल गरी ठेक्का तोडिने छ ।

१५) एक आ.व.को एक किस्ता रकम बराबरको धनजमानी बापतको रकम धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने वा एक वर्ष अवधी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

१६) टेण्डर साथ राखेको धरौटी र धनजमानी बापत राखेको रकम ठेक्का अवधी समाप्त भएको ३५ दिन पछी करक्लिरियन्स प्रमाण पेश राखेपछि फिर्ता हुने छ ।

१७) ठेक्का संचालन गर्दा कुनै विवाद परेमा उप-महा न.पा.को निर्णय अन्तिम हुनेछ ।

विष्णु प्रसाद भुसाल
कार्यकारी अधिकृत
(उप-सचिव)

कृपया प्रत्योत्तर दिंदा प्राप्त प. सं. र च. नं. र मिति उल्लेख गरी पठाउनु होला ।

# नेपालगंज उप-महानगरपालिका कार्यालय

फ्याक्स : ०८१-५२०३१६
: ०८१-५२०१५१
: ०८१-५२०३३८
: ०८१-५२२०१६

(.................................... शाखा)

नेपालगञ्ज, बाँके

१८। टेण्डर फाराम साथ एक आ.व.को कबुल अंकको १०% धरौटी रकम ने.रा.बैंक.को धरौटी खाताको हि.नं.२१०४७०२००१०३१५२४ मा जम्मा गरेको सक्कल भौचर राख्नु पर्ने छ ।

१९। यस कार्यालय बाट उपलब्ध गराईएको टेण्डर फारमलाई मात्र मान्यता दिईनेछ ।

२०। टेण्डर स्विकृत भएको ७ (सात) दिन भित्र एक किस्ता रकम वरावरको धनजमानी तथा प्रथम किस्ताको रकम बुझाए पछी मात्र ठेक्का संचालन गर्न पाउने छ । सात (७) दिन भित्र उपस्थित भै सम्झौता गरी पट्टापूर्जि नलिएमा धरौटी जफत भैजानेछ ।

२१। मूल्य अभिबृद्धीकर वापत १३% र अगृम आयकर वापत १.५% किस्ता रकमका साथ बुझाउनु पर्नेछ ।

२२। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकम लाई मान्यता दिईनेछ ।

२३। कुनै पनि शर्त राखेको टेण्डर स्विकृत गरिने छैन ।

२४। सुरक्षाको व्यवस्था स्वयं मिलाउनु पर्नेछ ।

२५। टेण्डर खरिद गर्ने अन्तिम मिति - **राजधानी दैनिक** पत्रीकामा प्रकाशित भएका मितिले १५ पन्द्रह औं दिन भित्र ।

२६। टेण्डर दर्ता गर्ने अन्तिम मिति - **राजधानी दैनिक** पत्रीकामा प्रकाशीत भएका मितिले १६ औ दिन ।

२७। टेण्डर खोलिने अन्तिम मिति - **राजधानी दैनिक** पत्रीकामा प्रकाशित भएका मितिले १७ औं दिन ।

२८। उक्त दिनहरुमा विदा पर्न गए सोको भोली पल्ट ।

विष्णु प्रसाद भुसाल
कार्यकारी अधिकृत
(उप-सचिव)